मिति २०७७।०६।१९ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३९ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू**

सल्लाहकार(DCCMC) - प्रमुख श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिवप्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरीक्षक श्री उद्धवबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री बिकास पाण्डे, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

**आमन्त्रित**

१. प्रा.डा. श्री प्रेम ज्ञवाली- शहिद धर्म भक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
२. डा. ऋषिकेशनारायण श्रेष्ठ, भक्तपुर क्यान्सर अस्पताल
३. स.प्र.ना.उ धिरेन्द्रराज न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
४. प्र.नि. शशि शर्मा, महानगरीय प्रहरी परिसर, भक्तपुर

**छलफलका विषयहरु**

१. एकीकृत क्वारेन्टिन व्यवस्थापन सम्बन्धमा।
२. आइसोलेशन व्यवस्थापन तथा अनुगमन सम्बन्धमा।
३. होल्डिङ्ग सेन्टरको भाडा भुक्तानी सम्बन्धमा।
४. विविध

**निर्णय**

१. भक्तपुर जिल्लामा सञ्चालनमा रहेका क्वारेन्टिनहरूलाई सम्बन्धित स्थानीय तह एवं सरोकारवाला निकायहरूसँग समन्वय गरी थप व्यवस्थित गरी सञ्चालन गर्ने साथै काठमाडौं उपत्यका एकीकृत क्वारेन्टिन व्यवस्थापन समितिको निर्णयानुसार थप क्वारेन्टिन व्यवस्थापन गर्ने।

२. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन कैन्द्र(DCCMC), भक्तपुरको बिभिन्न मितिमा भएको निर्णय अनुसार सञ्चालन अनुमति प्राप्त भएका स्थानहरूमा सञ्चालित आइसोलेसन केन्द्रलाई थप व्यवस्थित गरी नियमित अनुगमन गर्ने।

३. मिति २०७७।०२।२९ मा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC), भक्तपुरको निर्णयबाट होल्डिङ्ग सेन्टरको रुपमा लिएको पार्टी प्यालेसको भाडा निर्धारण समितिको बैठकबाट निर्धारण भएको भाडा हेरिटेज पार्टी प्यालेस राधे राधे र ईम्पेरियल ब्यान्क्वेट एण्ड ईभेन्ट भेन्यू प्रा.लि.को २०७७ असार र श्रावण महिनाको भाडा वापतको रकम प्रति महिना प्रति पार्टी प्यालेस रु ५,०८,५००/-(अक्षेरुपी पाँच लाख आठ हजार पाँच सय) भ्याटसहितका दरले प्रति पार्टी प्यालेस रु १०,१७,०००/-(दश लाख सत्र हजार)का दरले जम्मा रु २०,३४,०००/-(बीस लाख चौतीस हजार) निकासा भएकाले उल्लेखित पार्टी प्यालेसहरूलाई भुक्तानी दिने निर्णय गरियो।